सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको त्रैमासिक प्रकाशन

# PEFA Newsletter

## A Quarterly Publication of PEFA Secretariat

वर्षः २ अङ्कः ८ ०७० पुस

दोश्रो पेफा मूल्यांकन विशेष



दोश्रो पेफा मूल्यांकनसम्बन्धी सचिवस्तरीय वैठकमा बोल्दै तत्कालीन माननीय अर्थ मन्त्री श्री शंकर कोइरालाज्यू

## *सम्पादकको तर्फवाट :*

सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मापन गर्न विश्वव्यापी रुपमा स्वीकार गरिएको पेफा संरचनामा आधारित भएर सन् २००८ मा नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मापन गरी प्रतिवेदन सार्वजनिक गरिएको र विकास कार्ययोजना (DAP) कार्यान्वयनमा ल्याइएको थियो । विकास कार्ययोजनाको कार्यान्वयनको समन्वय गर्ने र यही पेफा संरचनामा आधारित भएर प्रत्येक २/२ वर्षमा नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मापन गरी Gap Analysis गर्ने र सोही अनुसार सुधारको कार्य योजना तर्जुमा गरी कार्यान्वयनको समन्वय गर्ने उद्देश्यले नै पेफा सचिवालयको स्थापना भएको हो ।

सन् २०१४ को डिसेम्वर सम्ममा अन्तिम प्रतिवेदन सार्वजनिक गर्ने गरी नेपाल सरकारले दोश्रो पेफा मूल्यांकन गर्ने प्रतिवद्धता व्यक्त गरिसकेको र पेफा निर्देशक समितिले पनि निर्णय गरि सकेको अवस्था छ । यसको लागि पेफा मूल्यांकनको लागि अर्थ मन्त्रालय लगायत अन्य मन्त्रालयका सहसचिवको संयोजकत्वमा संयोजक सहित ६ सदस्य रहने गरी ९ वटा मूल्यांकन कार्यटोली गठन भई यही मार्च महिना भित्र मस्यौदा प्रतिवेदन तयार गर्ने लक्ष्य सहित कार्यटोलीहरु कार्यक्षेत्रमा खटिएका छन् । मूल्यांकन कार्यटोलीहरुलाई तथ्यपूर्ण सूचनामा आधारित भएर निष्पक्ष रुपमा सार्वजनिक वित्तीय व्यवस्थापनको मूल्यांकन गर्न निर्देशक समितिवाट प्रष्ट निर्देशन भएको छ ।

यही दोश्रो पेफा मूल्यांकन प्रक्रिया लगायतका अन्य गतिविधी सहित पेफा न्यूजलेटरको आठौ अंक तपाईको हातमा आएको छ ।

## यस भित्र


- **दोश्रो पेफा मूल्यांकन सम्बन्धी सचिवस्तरीय वैठक सम्पन्न**
- **१६ औ पेफा निर्देशक समिति को वैठक सम्पन्न**
- **दोश्रो पेफा मूल्यांकन सम्बन्धी कार्यशाला सम्पन्न**
- **Followup Program on PEFA Assessment**
- **PFMRP का जिम्मेवार निकाय बीच अन्तरक्रिया**
- **पेफा क्षेत्रीय गोष्ठी सम्पन्न**
- **जिल्ला पेफा अभिमुखीकरण कार्यक्रम सम्पन्न**
- **PEFA Journal प्रकाशन**
- **अन्य PFM सम्वन्धी जानकारीहरु**

## दोश्रो पेफा मूल्यांकन सम्बन्धी सचिवस्तरीय वैठक सम्पन्न



सचिवस्तरीय वैठकमा बोल्दै मुख्यसचिव श्री लीलामणि पौडेलज्यू

दोश्रो पेफा मूल्यांकन प्रक्रिया अगाडी बढाउन नीतिगत तहबाट अपनत्व हासिल गर्ने उद्देश्यले मिति २०७० मंसिर १४ गते अर्थ मन्त्रालयमा दोश्रो पेफा मूल्यांकन सम्वन्धी परिचयात्मक कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता अर्थ मन्त्रालयका सचिव श्री शान्तराज सुवेदीज्यूले गर्नुभएको थियो । माननीय अर्थमन्त्री श्री शंकर प्रसाद कोइरालाज्यूले कार्यक्रममा प्रमुख अतिथि र मुख्य सचिव श्री लीलामणि पौड्यालज्यू विशेष अतिथिको रुपमा उपस्थित उक्त कार्यक्रममा विषयगत मन्त्रालयहरु एवं सवैंधानिक निकायका सचिवज्यूहरु साथै पेफा निर्देशक समिति र पेफा कार्य समितिका सदस्यज्यूहरु सहित ८० जना भन्दा वढीको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन उप महालेखा नियन्त्रक एवं पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले गर्नु भएको थियो । कार्यक्रमको उद्देश्य तथा औचित्यको सम्वन्धमा प्रकाश पार्दै सहमहालेखा नियन्त्रक एवं पेफा सचिवालयका संयोजक डा. मुक्तिनारायण पौडेलले दोश्रो पेफा मुल्यांकनमा पेफा सचिवालयले नीतिगत तहबाट गरेको अपेक्षा, मूल्यांकन विधि तथा प्रक्रियाको सम्वन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा भएका सुधार प्रयासहरुलाई पनि प्रस्तुत गर्नुभएको थियो । खुला छलफलको क्रममा उठेका जिज्ञासा तथा प्रश्नहरुलाई महालेखानियन्त्रक श्री सुमनप्रसाद शर्मा, पेफा सचिवालयका संयोजक डा. मुक्तिनारायण पौडेल र पेफा सचिवालयका सदस्यसचिव श्री बाबुराम सुवेदीले संयुक्त रुपमा सम्वोधन गर्नु भएको थियो ।

छलफललाई सम्बोधन गर्दै अर्थसचिव श्री शान्तराज सुवेदीज्यूले सार्वजनिक वित्तीय व्यवस्थापनको मूल्यांकन अपरिहार्य भएको र यसलाई सबै क्षेत्रबाट सहयोग हुने कुरामा विश्वस्त हुन आग्रह गर्नुभयो । मूख्य सचिव श्री लीलामणि पौडेलज्यूले एकल खाता कोष प्रणाली ७५ जिल्लामा कार्यान्वयन भएको, GFS - 2001 Code अनुसारको राजस्व तथा खर्चको वर्गीकरण लागु गरिएको, केन्द्रीय बैंक पनि अभिलेखांकन र प्रतिवेदन प्रणालीतर्फ राम्रै सुधारोन्मुख रहेकाले सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा भएको सुधार प्रयासलाई निरन्तरता दिनुपर्ने र दोश्रो सार्वजनिक बित्तीय व्यवस्थापन मूल्यांकन कार्यलाई सबै क्षेत्रबाट सहयोग हुने जानकारी गराउनुभयो ।

## पेफा निर्देशक समिति को वैठक सम्पन्न



पेफा निर्देशक समितिको १५ औं वैठक यही २०७०/०८/१४ सम्पन्न भएको छ । यही वैठकले सचिवालयले विश्व वैंकसंगको समन्वयमा तयार गरेको दोश्रो पेफा मूल्यांकन सम्वन्धी अवधारणापत्र र नेपाल सरकारका रा.प.प्रथम श्रेणीका अधिकृतहरुको संयोजकत्वमा गठन गरिएको मूल्यांकन कार्यटोलीको नामावली समेत स्वीकृत गरेको हो । वैठकले संचालनगत जोखिम मूल्यांकन (Operational Risk Assessment) प्रतिवेदनको सिफारिस कार्यान्वयन गर्ने कार्यको अनुक्रम तयार गर्न सचिवालयलाई निर्देशन दिएकोछ ।

पेफा निर्देशक समितिको १६ औं वैठक यही २०७०/१०/०९ सम्पन्न भएको छ । वैठकले सार्वजनिक वित्तीय व्यवस्थापनको सुधारको लागि अध्ययन तथा अनुसन्धान गराउनु पर्ने विषयहरुको सम्वन्धमा सचिवालयले सरोकारवाला निकायहरु संग समन्वय गरी ToR लाई अन्तिम रुप दिई अध्ययन कार्य अगाडि बढाउने निर्णय गरेको छ । साथै संचालनगत जोखिम मूल्यांकन (Operational Risk Assessment) प्रतिवेदनको केही महत्वपूर्ण सिफारिसहरुलाई कार्यान्वयन गर्ने निर्णय समेत गरेको छ ।

## दोश्रो पेफा मूल्यांकन सम्वन्धी कार्यशाला सम्पन्न



कार्यक्रममा सहभागीहरु

मिति २०७०।०८।२२ देखि २४ (7 - 9 December, 2014) गतेसम्म सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मापनको विधि र प्रक्रियाको सम्वन्धमा सहभागीहरुलाई प्रशिक्षित गर्ने उद्देश्यले दोश्रो पेफा मूल्यांकन सम्वन्धी कार्यशाला सम्पन्न भएको थियो । उक्त कार्यशालामा दोश्रो पेफा मूल्यांकनको लागि गठन गरिएका मूल्यांकन कार्यटोलीका संयोजक तथा सदस्यहरु गरी झण्डै ६० जनाको सहभागिता रहेको थियो । सार्वजनिक वित्तीय व्यवस्थापन एवं सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व संरचना सम्वन्धी साझा वुझाइ विकास गरी पेफा संरचनामा आधारित भएर गरिने मूल्यांकन विधिको सम्वन्धमा प्रशिक्षण दिनु नै कार्यशालाको मुख्य उद्देश्य थियो ।

## दोश्रो पेफा मूल्यांकन सम्वन्धी कार्यशाला ......



कार्यशालामा सम्बन्धित विषय क्षेत्रमा सैद्वान्तिक र व्यावहारिक अनुभव र ख्याती आर्जन गरेका विज्ञहरु एवं पहिलो पेफा मूल्यांकनमा सक्रिय सहभागी मूल्यांकनकर्ताहरुबाट कक्षा संचालन गरिएको थियो । कार्यक्रमलाई सहभागितामुलक बनाउने क्रममा कार्यपत्र प्रस्तुत गर्ने, सूचकहरुको मापनको पद्दति र तरिका सम्वन्धमा अभ्यास गराउने, छलफल/अन्तक्रिया गर्ने पद्धति अनुशरण गरिएको थियो ।

कार्यशालामा पेफा संरचनाको ३१ वटै सूचकहरुको आधारमा गरिने मापन विधि र प्रक्रियाको सम्वन्धमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । कार्यक्रमको उद्घाटन सत्रमा अर्थ मन्त्रालयका सचिव श्री शान्तराज सुवेदी, पेफा सचिवालयका संयोजक श्री मुक्ति नारायण पौडेल, सहमहालेखा नियन्त्रक श्री जयदेव श्रेष्ठ, श्री डिल्लीराम शर्मा, अर्थ मन्त्रालयका सहसचिव श्री राजन खनाल, श्री वैकुण्ठ अर्याल राष्ट्रिय योजना आयोगका सहसचिव श्री पुष्पलाल शाक्य, विश्व बैंकका तर्फबाट श्री रोशन दर्शन वज्राचार्य प्रशिक्षकको रुपमा रहनुभएका पूर्व अर्थसचिव श्री रामेश्वर खनाल लगायत अन्य विभिन्न मन्त्रालयका सहभागीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रमको संचालन पेफा सचिवालयका सदस्य सचिव तथा उपमहालेखा नियन्त्रक श्री वावुराम सुवेदीज्यूले गर्नुभएको थियो । कार्यक्रममा अतिथिहरु एवं सहभागीहरुलाई स्वागत गर्दै र कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै पेफा सचिवालयका संयोजक तथा सह महालेखा नियन्त्रक डा. मुक्तिनारायण पौडेलले दोश्रो पेफा मूल्यांकन सन् २०१४ मा गर्नुपर्ने प्रतिवद्धता व्यक्त भइ सकेकाले उक्त मूल्यांकन कार्यको लागि यो कार्यशाला लाभदायी हुने वताउनु भयो ।

उद्घाटन कार्यक्रममा शुभारम्भ मन्तव्य राख्दै अर्थसचिव श्री शान्तराज सुवेदीज्यूले पेफा सचिवालयले आयोजना गरेको यस प्रकारको कार्यशालाले सन् २०१४ मा हुन गइरहेको दोश्रो पेफा मूल्यांकनको लागि राम्रो शुरुवात भएको भन्दै सबै सहभागिलाई उच्च सक्रियताका साथ सहभागिता जनाउन आग्रह गर्नुभएको थियो ।

## Follow-up program on Second PEFA Assessment



सन् २०१४ भित्र दोश्रो पेफा मूल्यांकन गर्ने भनी पेफा निर्देशक समितिबाट निर्णय भए अनुरुप मिति २०७०।९।२२ देखि २४ सम्म तीनदिने गोदावरी आवासीय कार्यशाला कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रममा PEFA Assessment गर्न ९ जना सह सचिवको संयोजकत्वमा एक ग्रुपमा ५-७ जना पर्ने गरी ९ टोली गठन गरिएको थियो । कार्यशालाको समाप्ती पश्चात मूल्यांकन प्रक्रियाको सम्बन्धमा कार्यटोलीका संयोजकज्यूहरुको वैठक मिति २०७०।०९।०९ मा वसेको थियो ।

उक्त वैठकले निर्णय गरे बमोजिम मिति २०७०।०९।२८ गते दोश्रो पेफा मूल्यांकन सम्बन्धी Follow up कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको मुख्य उद्धेश्य दोश्रो पेफा मूल्यांकनका गतिविधि, कार्ययोजना, Calendar of Operation तय गर्नु रहेको थियो । कार्यक्रममा पहिलो पेफा मूल्यांकनका मूल्यांकनकर्ताहरुलाई छुट्टै डेस्कमा राखी मूल्यांकनका क्रममा आएका जिज्ञासाहरु उपर छलफल गरीएको थियो ।



कार्यक्रममा पेफा सचिवालयका संयोजक डा. मुक्तिनारायण पौडेलले नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनको दोश्रो मूल्यांकन (२०७०।७१) अंकगणना विधि विषयक, अर्थ मन्त्रालयका सहसचिव श्री वैकुण्ठ अर्यालले बजेटको नियमितता र बजेट प्रक्रियामा सहभागिता विषयक र पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले Due care in Repeat PEFA Assessment: Assessor's perspective विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रम नयाँ बानेश्वर स्थित होटल एभरेष्टमा मिति २०७०/९/२८ गते विहान ८:३० वजे देखि १२:३० वजे सम्म संचालन भएको थियो ।

## सरकारी कारोवार गर्ने वैकंहरु संग हिसाव मिलान सम्बन्धी वैठक



नेपाल सरकारको कोषको व्यवस्थापन, लेखांकन तथा वित्तीय प्रतिवेदन, आलेप र व्यवस्थापकीय नियन्त्रणसम्वन्धी मुख्य जिम्मेवारी रहेको संस्था महालेखा नियन्त्रक कार्यालय र सरकारी कारोवार गर्ने वैंकहरु विचको दैनिक हिसाव मिलान लगायतका विषयमा समय समयमा विभिन्न समस्याहरु पर्दै आएको विषयलाई उठान गर्दै महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र वैंक र अन्य सरोकारवाला संस्थाहरु बिच श्रीमान महालेखानियन्त्रकज्यूको अध्यक्षतामा मिति २०७०।१०।०३ गते हिसाब मिलान सम्वन्धी वैठक बसेको थियो । वैठकले सरकारी कारोवारको सम्वन्धमा Harmonised Software तयार गर्ने कार्यको लागि महालेखा नियन्त्रक कार्यालयले अगुवाई गर्ने र यसको लागि महालेखा नियन्त्रक कार्यालय, कोष प्रशासन महाशाखा प्रमुखको अध्यक्षतामा अर्थ मन्त्रालय, नेपाल राष्ट्र वैंक आन्तरिक राजस्व विभागबाट समेत प्रतिनिधित्व हुने गरी ८ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरेको छ ।

## लगानी कारोवारको लेखांकन सम्वन्धी अन्तरक्रिया कार्यक्रम

नेपाल सरकारको लगानीको कारोवारहरुको अभिलेख प्रणालीलाई व्यवस्थित वनाउन महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका लाई अन्तिम रुप दिन मिति २०७०/८/१३ गते धुलिखेलमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको मुख्य उद्देश्य एकल खाता कोष प्रणाली कार्यान्वयन भइ सके पछाडि वित्तीय संकेत तथा वर्गीकरण शीर्षकको लेखांकन तथा प्रतिवेदनलाई कसरी एकल खाता कोष प्रणाली अन्तर्गत ल्याउने भन्ने सम्वन्धमा कार्यदलले तयार गरेको मस्यौदा निर्देशिका माथि छलफल गर्ने र अन्तिम टुंगोमा पुग्ने रहेको थियो ।



कार्यक्रमको उद्देश्य तथा औचित्यको सम्वन्धमा प्रकाश पार्दै उप महालेखा नियन्त्रक श्री नारायण निरौलाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । मस्यौदा निर्देशिकामा कुन कुन विषयहरु थप गर्ने, कुन कुन विषय हटाउने, के कस्तो भाषा प्रयोग गर्ने, कुन कुन शव्द हटाउने तथा थप गर्ने, अन्य कुन कुन निकायहरुको पृष्ठ पोषण लिने भन्ने विषयमा नै छलफल केन्द्रित रहेको थियो ।

## NFRS लागु गर्ने सम्वन्धमा सार्वजनिक संस्थानहरुसंग अन्तरक्रिया कार्यक्रम



मिति २०७०।१०।२४ (7th February, 2014) गते सार्वजनिक संस्थानहरुमा अन्तर्राष्ट्रिय स्तरको Nepal Financial Reporting Standards-NFRS लागु गर्ने सम्बन्धमा श्रीमान् अर्थ सचिवज्यूको अध्यक्षतामा बैठक वस्यो । उक्त बैठकमा महालेखा नियन्त्रक श्री सुमनप्रसाद शर्मा, सार्वजनिक संस्थान निर्देशन वोर्डका अध्यक्ष श्री विमल वाग्ले, ICAN का अध्यक्ष श्री महेश गुरागाईं, ASB का अध्यक्ष श्री नारायण बजाज एवं सार्वजनिक संस्थान, समिति तथा वित्तीय संस्थाहरुका प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय प्रमुखहरु समेत गरी झण्डै ७५ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै पेफा सचिवालयका संयोजक डा. मुक्ति नारायण पौडेललेस्वागत मन्तव्य दिनुभएको थियो । पेफा सचिवालयका सदस्य सचिवले संचालन गर्नुभएको उक्त कार्यक्रममा एफ सि ए श्री नारायण बजाज र एफ सि ए श्री महेश गुरागाईंले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सार्वजनिक संस्थानहरुमा NFRS कार्यान्वयन रणनीतिको मार्गचित्र (Roadmap) तयार गर्ने र उक्त संस्थानहरुको NFRS कार्यान्वयन क्षमताको मूल्यांकन गर्ने सम्बन्धमा बसेको उक्त बैठकमा निम्नलिखित निर्णयहरु भएको छ ।

१. सक्षम सार्वजनिक संस्थान, समिति, वित्तिय संस्थाहरुमा आ.व. २०७१।७२ (२०१४।१५) को साउन १ गते देखि NFRS लागु गर्ने ।

२. उक्तमान (Standards) लागु गर्ने उल्लेखित संस्थाहरुमा ४-५ जनाको Core Team (कार्यटोली) बनाइ कार्यान्वयनको लागि हालदेखि नै तयारी गरी राख्ने ।

३. उल्लेखित संस्थाहरुका वित्तीय विभागमा कार्यरत र निकट भविष्यमा निवृत्त नहुने कर्मचारीहरुलाई ASB ले निरन्तर रुपमा तालिम प्रदान गर्दै जाने ।

४. सार्वजनिक संस्थानहरुमा NFRS कार्यान्वयन रणनीतिको मार्गचित्र (Roadmap) तयार गर्न र अन्य यस सम्बन्धी कार्यको समन्वय गर्ने गरी अर्थ मन्त्रालय, ICAN, ASB, महालेखा परीक्षकको कार्यालय, सार्वजनिक संस्थान निर्देशन बोर्डको प्रतिनिधित्व हुने गरी एक NFRS कार्यान्वयन समन्वय समिति गठन गर्ने ।

# पेफा क्षेत्रीय गोष्ठी सम्पन्न




पेफा क्षेत्रीय कार्यशाला कार्यक्रम विराटनगर स्थित होटल इस्टर्न स्टार प्रा.लि.मा मिति २०७०/९/११ र १२ गते विहान ९:०० वजे देखि पहिलो दिन ४:०० वजे सम्म र दोश्रो दिन विहान ९:०० वजे देखि अपरान्ह १२:३० सम्म आवसीय कार्यक्रमको रुपमा संचालन भएको थियो ।

दुई दिने उक्त क्षेत्रीय कार्यशाला कार्यक्रमको पहिलो दिनको उद्घाटन सत्रको अध्यक्षता सह महालेखा नियन्त्रक तथा पेफा सचिवालयका संयोजक डा. मुक्तिनारायण पौडेलज्यूले गर्नु भएको उक्त सत्रको संचालन पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीज्यूले गर्नु भएको थियो ।

माननीय मुख्य न्यायाधीश गिरीराज पौडेलको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रमका सहमहालेखा नियन्त्रक श्री जयदेव श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी श्री गणेशराज कार्की, क्षेत्रीय प्रहरी प्रमुख श्री नवराज सिलवाल लगायत क्षेत्रीय निर्देशकज्यूहरु अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो ।

आन्तरिक लेखा परीक्षण प्रणालीमा देखिएका मूलभूत समस्या तथा यस क्षेत्रमा गरिनु पर्ने नीतिगत, प्रणालीगत तथा संरचनागत सुधारका सम्वन्धमा छलफल चलाउने र पृष्ठपोषण लिने मुख्य उद्देश्यले यो क्षेत्रीय कार्यशालाको आयोजना गरिएको थियो । यस कार्याशालाले आन्तरिक लेखापरीक्षण प्रणालीको सम्वन्धमा पहिचान गरेको समस्या तथा कार्यशालाको निस्कर्ष निम्न रहेको छ:

**समस्यहरु:** कार्य क्षेत्रका सम्बन्धमा विरोधाभास, आन्तरिक लेखापरीक्षणको प्रतिवेदन स्तरीय बन्न नसक्नु, आन्तरिक लेखापरीक्षण मानदण्ड नहुनु, आन्तरिक लेखापरीक्षण निर्देशिका, २०६८ मा भएका व्यबस्थाहरु अप्रर्याप्त, आन्तरिक लेखापरीक्षणका सुझावलाई व्यवस्थापनले आन्तरिकीकरण गर्न नसकेको, जनशक्तिसंग सम्बन्धित समस्या (अप्रयाप्तता, मनोबल, दक्षता आदि), श्रोत साधनको कमी, आन्तरिक लेखापरीक्षण Concurrent बनाउन नसकिनु, र्मचारीमा ज्ञान तथा दक्षता अभाव रहदा सो पूरा गर्न आन्तरिक लेखापरीक्षण हातेपूस्तिका समेत नरहनु, आन्तरिक लेखापरीक्षण निर्देशिका बमोजिम आन्तरिक लेखापरीक्षा हुन नसक्नु, चौमासिक रुपमा, आन्तरिक लेखापरीक्षण योजना नबनाउनु, कानून अस्पष्ट र अप्रयाप्त, समय समयका परिपत्र बिच तादम्यता नहुनु र अस्पष्ट रहनु ।

**निस्कर्ष:** आन्तरिक लेखा परीक्षणमा ५ वर्षे सुधार कार्ययोजना तयार गरी लागु गर्ने, लेखा समूह भित्र कोष प्रशासन र आलेप उप समूह गठन गर्ने, आलेप मानदण्ड तयार गर्ने, आलेपको केन्द्रीय प्रतिवेदन मलेनिकाले तयार गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने, आलेप सम्वन्धी व्यवसायिक तालीम उपलब्ध गराउने

## ७ जिल्लामा PEFA जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न

ताप्लेजुङ, तेह्रथुम, सुनसरी, सप्तरी, कपिलवस्तु, दाङ र सिरहा गरी थप ७ जिल्लामा पेफा जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । अभिमुखीकरण कार्यक्रमको मुख्य उद्धेश्य स्थानीय स्तरमा वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नु गराउनु तथा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्वन्धी जानकारी तल्लो तह सम्म पुऱ्याउनु एवं यसको समन्वय गर्न तथा सूचना प्रवाह गर्न सहयोग पऱ्याउनु नै रहेको छ ।

यस अघि नै ३१ जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भइसकेको अवस्था छ । जिल्ला पेफा कार्यान्वयन इकाई (District PEFA Implementation Unit) र PEFA सचिवालयको संयुक्त आयोजनामा ७५ वटै जिल्लामा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने योजना रहेको छ ।


कार्यक्रममा जिल्लास्तरमा सार्वजनिक वित्तीय व्यवस्थापनमा देखिएका समस्या, यस क्षेत्रमा नीतिगत तहबाट भई रहेका सुधारका विषयमा छलफल तथा अन्तरक्रिया हुने भएकाले सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणमा यस्तो कार्यक्रमले थप योगदान पुऱ्याउने देखिएको छ ।





कार्यक्रममा सहभागीहरु

## पेफा जर्नलको तेश्रो अकं प्रकाशन




पेफा सचिवालयले सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी लेखहरु समावेस पेफा जर्नलको तेश्रो अकं प्रकाशन गरेको छ । यस अकं देखि सार्वजनिक वित्तीय व्यवस्थापन बाहेक अन्य विषयका लेखहरु "Beyond the Box" मा पढ्न पाईनेछ । तेश्रो अंकमा सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी १० वटा र Beyond the Box मा १ वटा गरी जम्मा ११ लेखहरु प्रकाशन गरिएको छ ।

# सार्वजनिक वित्तीय व्यवस्थापनसम्वन्धी विभिन्न कार्यक्रमको झलकहरु










सल्लाहकार
मुक्तिनारायण पौडेल
सम्पादक मण्डल
वावुराम सुवेदी
अनुपमा कार्की

लेआउट डिजाईन
अनुपमा कार्की
प्रकाशक
सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय
महालेखा नियन्त्रक कार्यालय भवन परिसर
अनामनगर, काठमाण्डौं
टेलिफोन: ४७७०७०६, ४७७०३८७
फ्याक्स: ४७७०७०६
Website: www.pefa.gov.np
E-mail: pefanepal@pefa.gov.np